मिक्लाजुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
१.नं. प्रदेश नेपाल

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०३/१३

मिक्लाजुङ गाउँपालिकाबाट स्वीकृत यस गा.पा. को आर्थिक ऐन २०७५ बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०७६/०७७ वर्ष १ (२०७६ श्रावण देखी २०७७ असार मसान्त सम्म) का लागी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दि दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ। अन्य विस्तृत जानकारीका लागी कार्यालयको वेबसाइड : www.miklajungmunmorang.gov.np वा कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

### ठेक्काको विवरण

| ठे.नं. | विवरण | न्युनतम ठेक्का अंक रु (वार्षिक) मूल्य अभिवृद्दि कर बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | निकासी कर | ६,००,०००।- | १,०००।०० | १५ औं दिन सम्म २०७६।०३।२७ गते | १६ औं दिन २०७६।०३।२८ गते १२:०० बजे | १६ औं दिन २०७६।०३।२८ गते २:०० बजे |

शर्तहरु

१. शिलबन्दि बोलपत्र साथ रु. १० को टिकट टाँसी आफुले कबोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% धरौटी बापत रकम गा.पा., गाउँ कार्यपालिकाको कार्यालयको एन.एम.बी. बैंक मधुमल्लामा रहेको धरौटी खाता नं. ०६१००५८२१३०००६१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।

२. शिलबन्दि बोलपत्र साथ बोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. शिलबन्दि बोलपत्र फारम दस्तुर रु. १००० (फिर्ता नहुने गरी) बोलपत्र फारम मिक्लाजुङ गा.पा. गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रसिद काटी प्रशासन शाखामा कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

४. शिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना जारी भएको १५ औं दिन सम्म (२०७६।०३।२७) शिलबन्दि बोलपत्र खरिद गर्न सकिने र १६ औं दिन (२०७६।०३।२८) को १२:०० बजे सम्म दर्ता गराउन सकिने छ। साथै शिलबन्दि बोलपत्र सोहि दिन (२०७६।०३।२८) को ठिक २:०० बजे यस गा.पा. कार्यालयमा खोलीने छ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फारम उपर कुनै कारवाही हुने छैन।

६. शिलबन्दि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहनेछ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दि बोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्नेछ र सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% छुट दिइनेछ।

८. दर्ता भएका शिलबन्दि बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहबरमा मिक्लाजुङ गा.पा. गाउँ कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ र दरभाउपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

९. गाउँपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्नेछ।

१०. अन्य जानकारीको लागी मिक्लाजुङ गा.पा., गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२१-४००००१ मा सम्पर्क राख्न सकिनेछ।

११. वार्षिक ठेक्का रकम बाँकी अवधिको लागी स्वीकृत भएको दिन देखी दामासाहीले लागु हुनेछ।

नोट : बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि बोलपत्र खोलीने मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ।

२०७६।१२।१२